"साँस्कृतिक शान, आठराईको पहिचान"

# आठराई राजपत्र

# आठराई गाउँपालिकाद्वारा प्रकाशित

## खण्डः ७ संख्याः २

**गाउँ कार्यपालिकाद्वरा स्वीकृत मितिः २०८१/०३/२०**

**राजपत्रमा प्रकाशित मितिः २०८१/०३/२१**

## भाग २

**आठराई गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**संक्रान्तिबजार, तेह्रथुम**

**कोशी प्रदेश, नेपाल।**

# कर्मचारीहरूको तह वृद्धि सम्बन्धी कार्यविधि – २०८१

.................................................................................

कार्यविधि जारीः आठराई गाउँ कार्यपालिकाको मितिः **२०८१/०३/२०** को निर्णयानुसार

**प्रस्तावनाः-** कोशी प्रदेश स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० मा गरिएको तह वृद्धि सम्बन्धी व्यवस्थालाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी,
आठराई गाउँपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "कर्मचारीहरूको तह वृद्धि सम्बन्धी कार्यविधि-२०८१" रहेको छ।

(२) यो कार्यविधि आठराई राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन" भन्नाले कोशी प्रदेशबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० सम्झनुपर्छ।

(ख) "कर्मचारी" भन्नाले आठराई गाउँपालिका अन्तर्गतको सेवाका पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ। सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम आठराई गाउँपालिकामा समायोजन भएका कर्मचारी साथै संघीय तथा प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई आठराई गाउँपालिकामा स्थायी नियुक्ति भएका कर्मचारी समेतलाई जनाउँदछ।

(ग) "कार्यपालिका" भन्नाले आठराई गाउँपालिकाको, गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) "कार्यालय" भन्नाले आठराई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(ङ) "गाउँपालिका" भन्नाले आठराई गाउँपालिकालाई सम्झनु पर्छ।

(च) "तह वृद्धि" भन्नाले ऐन बमोजिम हुने तह वृद्धि लाई सम्झनु पर्छ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले आठराई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(ज) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्छ।

(झ) "प्रदेश लोक सेवा आयोग" भन्नाले कोशी प्रदेश लोक सेवा आयोग लाई सम्झनुपर्छ।

**३. तह वृद्धि गर्ने अवधिः** (१) कर्मचारीको तह वृद्धि प्रत्येक आर्थिक वर्षको साउन १ र माघ १ गतेबाट ज्येष्ठता कायम हुने गरी वर्षको दुई पटक गरिने छ।

(२) उपदफा (१) बमोजिम तह वृद्धिको लागि ऐनको दफा २७ को उपदफा (१) बमोजिमको योग्यता पुरा गरेको हुनु पर्नेछ।

**४. सूचना प्रकाशन गर्नेः** (१) यो कार्यविधि बमोजिम गाउँपालिकाको स्थानीय सेवामा कार्यरत कर्मचारीहरूको तह वृद्धिका लागि कार्यालयले प्रत्येक वर्षको जेठ १५ गते र मङ्सिर १५ गते सम्भाव्य उम्मेदवारहरूका लागि ३० दिनको म्याद दिई तह वृद्धिको लागि निवेदन दिन सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिंदा अनुसूची – १ बमोजिमको ढाँचामा दिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रकाशित सूचना गाउँपालिकाको सूचना पाटी, वडा कार्यालयहरूको सूचना पाटी र गाउँपालिकाको वेब साइटमा प्रकाशन गरिनेछ।

**५. निवेदन दिनु पर्नेः** (१) तह वृद्धि हुन चाहने कर्मचारीले देहायका कागजात सहित निवेदन दिनुपर्नेछ:

(क) अनुसूची १ बमोजिमको निवेदन,

(ख) सेवा अवधि पुष्टि गर्ने नियुक्ति/बढुवाको प्रतिलिपि,

(ग) समायोजन भएको भए स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि

(घ) विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको, र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,

(ङ) ऐनको दफा २७ को उपदफा ४ बमोजिमको सिफारिस समितिले माग गरेका अन्य कागजातहरू।

**६. सिफारिस समितिः** (१) यस कार्यविधि बमोजिम तह वृद्धि गर्न देहायका सदस्य सहितको सिफारिस समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत – अध्यक्ष

(ख) वरिष्ठतम अधिकृतमध्ये कार्यपालिकाले तोकेको एक महिला सहित २ जना अधिकृत- सदस्य

(२) सिफारिस समितिको सचिवालय प्रशासन शाखामा रहनेछ।

(३) सिफारिस समितिको बैठकको कार्यविधि समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ।

(४) सिफारिस समितिलाई तह वृद्धि सिफारिस सम्बन्धमा निर्णय लिन कुनै दुबिधा उत्पन्न भएमा सो सम्बन्धमा ऐनको दफा (३८) बमोजिमको बढुवा समितिको निर्णय बमोजिम हुनेछ।

**७. आवश्यक न्यूनतम योग्यता र सेवा अवधिः** (१) स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीको पाँचौँ तहबाट छैटौँ तहमा, सातौँ तहबाट आठौँ तहमा तथा नवौँ तहबाट दशौँ तहमा तहवृद्धि गर्दा तहवृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा पाँच वर्ष सेवा अवधि पुरा भई पछिल्लो तिन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत नब्बे प्रतिशत अङ्क प्राप्त गरेको कर्मचारीलाई सम्बन्धित सेवा समूह, उपसमूहको पदमा तहवृद्धि गरिनेछ।

**८. तहवृद्धि सम्बन्धी विशेष व्यवस्थाः** (१) कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गतका स्थानीय तहमा दरबन्दी भएका कर्मचारीहरूको दरवन्दी भएको स्थानीय तहमा तह वृद्धि हुनेछ। एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी/ पदाधिकार रहेको कार्यालयमा तहवृद्धि हुनेछ।

(२) सहायक चौथो र पाचौँ तहमा तथा सातौँ र नवौँ तहको पदमा समान पदमा समायोजन भई सोही पदमा कार्यरत रहेका हालसम्म तह वृद्धि नभएका कर्मचारीहरू सम्बन्धित पदमा यो ऐन जारी हुँदासम्म तीन वर्ष सेवा अवधि पुरा भएमा स्वतः एक तह वृद्धि हुनेछ। निजहरू जुनसुकै ब्यहोराले अवकाश भएमा सो पद स्वतः खारेज भई तल्लो तहको पदमा पदपूर्ति गरिनेछ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगबाट स्थानीय तहको छैटौँ तहमा सिफारिस भई नियुक्त भएका कर्मचारीलाई एक पटकका लागि सातौं तहमा तह मिलान गरिनेछ।

**९. तह वृद्धि गर्नु पर्नेः** (१) यस कार्यविधि बमोजिम तह वृद्धिका लागि ऐनको दफा २७ को उपदफा ४ बमोजिमको समितिले दरखास्त दिने म्याद सकिएको ७ दिन भित्र तह वृद्धिका लागि सिफारिस गरी सक्नु पर्नेछ र सो सिफारिस प्राप्त भएको ७ दिन भित्र ऐनको दफा २७ को उपदफा ३ बमोजिम निर्णय गरी तह वृद्धिको पत्र दिनुपर्ने छ।

(२) यस कार्यविधि अनुरूप तह वृद्धि भएका कर्मचारीलाई अनुसूची – २ बमोजिमको ढाँचामा तह वृद्धिको पत्र दिइनेछ।

**१०. ज्येष्ठता कायम हुनेः** (१) यस कार्यविधि बमोजिम तह वृद्धि हुने कर्मचारीको ज्येष्ठता हरेक वर्षको माघ १ गते र श्रावण १ गतेबाट कायम गरिने छ।

**११. तह वृद्धि गर्न नहुनेः (**१) यस कार्यविधि अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दफा ६ को उपदफा (१) बमोजिमको समितिले कर्मचारीलाई तह वृद्धिको लागि सिफारिस गर्न पाइने छैनः

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

(ग) तलब वृद्धि रोक्का भएकोमा तलब वृद्धि रोक्का भएको अवधिभर

(घ) असाधारण बिदा वा अध्ययन बिदामा बसेकोमा सो बिदाको अवधिभर,

(ङ) स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्मा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर।

**१२. तह वृद्धि भएका कर्मचारीको सेवा, सुविधाः** (१) यस कार्यविधि बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलव भन्दा घटी हुने भएमा खाइपाइ आएको तलबभन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।

**१३. जानकारी दिनु पर्नेः** (१) यस कार्यविधि बमोजिम कार्यालयले गरेको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश, कोशी प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

**१४. उजुरी, गुनासो र पुनरावेदनः** (१) तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा प्रदेश लोक सेवा आयोगमा निर्णय सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र उजुरी, गुनासो वा पुनरावेदन गर्न सकिनेछ ।

**१५. बाधा अड्काउ फुकाउः** (१) यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै द्विविधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार ऐनको दफा २७ को उपदफा ४  बमोजिमको समितिलाई हुनेछ।

**१६. प्रचलित कानून बमोजिम हुनेः** (१) यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

**अनुसूची – १**

**दफा ५ को (१) सँग सम्बन्धित**

**तह वृद्धि हुन दिइने निवेदनको ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
आठराई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
तेह्रथुम ।

विषयः तह वृद्धि गरी पाउँ ।

प्रस्तुत विषयमा यस आठराई गाउँपालिकाको तह वृद्धि सम्बन्धी मिति .......................... मा प्रकाशित सूचना अनुसार हाल म तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिमको पदमा तह वृद्धि हुन योग्य रहेको हुँदा तपसिल बमोजिमको कागजात सहित यो निवेदन पेश गर्दछु । तह वृद्धिका लागि आवश्यक पछिल्लो ३ वर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम ................................... कार्यालयमा बुझाइसकेको छु ।

**तपसिल**

१. स्थायी नियुक्ति पत्रको प्रतिलिपि ।
२. समायोजन पत्रको प्रतिलिपि ।
३. बढुवा/स्तर वृद्धि/तह वृद्धि भएको पत्रको प्रतिलिपि ।
४. कार्यालयको सिफारिस पत्र ।

| हाल कार्यरत पदः | तह वृद्धि हुने पदः |
|---|---|
| पदः | पदः |
| सेवाः | सेवाः |
| समूहः | समूहः |
| तहः | तहः |
| कार्यालयः | कार्यालयः |

माथि उल्लेख सबै ब्यहोरा ठिक साँचो हो झुटा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक

नामः ....................................

दस्तखतः ..............................

कर्मचारी सङ्केत नं. ................

**अनुसूची – २**

**दफा ९ को (२) सँग सम्बन्धित**

**तह वृद्धिको पत्रको ढाँचा**

**आठराई गाउँपालिका**

[illegible]

**गाउँ कार्यपालिकाको कार्यालय**

**संक्रान्तिबजार, तेह्रथुम**

मितिः..........................

ने.स. ..........................

**विषयः** तह वृद्धि सम्बन्धमा।

तपाईँलाई स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन – २०८०, तथा आठराई गाउँपालिकाका कर्मचारीहरूको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१ बमोजिम यस कार्यालयको मिति .............. को निर्णयानुसार मिति .......... देखि ज्येष्ठता कायम हुने गरी स्थानीय सेवामा तपसिल बमोजिम तह वृद्धि गरिएको छ।

तह वृद्धि हुनु भएकोमा हार्दिक बधाई।

| हाल कार्यरत पद | तह वृद्धि हुने पद |
|---|---|
| पदः | पदः |
| सेवाः | सेवाः |
| समुहः | समुहः |
| तहः | तहः |
| कार्यालयः | कार्यालयः |

श्री ....................................

कर्मचारी सङ्केत नं. ....................

....................................

**बोधार्थ**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौँ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर, मोरङ।

श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर, मोरङ।

श्री प्रदेश किताबखाना, कोशी प्रदेश, विराटनगर, मोरङ।

श्री कर्मचारी सञ्चयकोष, पुलचोक, ललितपुर।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौँ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, तेह्रथुम।

श्री राजश्व तथा आर्थिक प्रशासन शाखा, आठराई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, तेह्रथुम।

आज्ञाले,
श्री निराज शर्मा
प्रमुख प्रशासकीय अधिकृत
आठराई गाउँपालिका

आठराई राजपत्र